दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

राष्ट्रिय दलित नेटवर्क नेपाल

Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं

## प्रेस विज्ञप्ति

## बुटवल मोतिपुर घट्नाको सत्यतथ्य छानवीर गर

रुपन्देही जिल्लाको मोतिपुर औद्योगिक क्षेत्रमा अस्थायीरुपमा बनाइएका टहराहरु भत्काउन खोज्दा त्यहाँ बसोवास गर्दै आएका सुकुम्बासी र प्रहरीबीच झडप हुंदा सुरक्षाकर्मीले चलाएको गोलीबाट ४ जना सुकुम्बँसीको मृत्यु भएको छ भने ३१ जना बढी घाइते भएका छन् । नेपाली जनताले आफ्नो राष्ट्रिय पर्व मनाइरहेको बेला घटाइएको यस अमानवीय घट्नाप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । हामी यस घट्नाको घोर निन्दा तथा भर्त्सना गर्न चाहन्छौं ।

नेपालको संविधानको धारा ३७ (२) मा आवासको हक अन्तरगत कसैलाई पनि वासस्थानबाट हटाउन पाइने छैन भन्ने स्पष्ट मौलिक हकको व्यवस्था गरेको छ । साथै, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि आयोग गठन भइ सकेको सन्दर्भमा दशैंको मुखमा मानवीय संवेदनासमेत प्रदर्शन नगरी ४ जनाको ज्यान जाने गरी घटाइएको यस घट्नामा सरकारले मान्छेले बाँच्न पाउने अधिकारको हनन् गरेको छ । यस अमानवीय घट्नाको सत्यतथ्य छानवीन गरी समाधान खोज्न एक छानवीन समिति गठन गर्न, दोषीमाथि कार्वाही गर्न र मृतकका परिवारहरुलाई आवश्यक क्षेतिपूर्ति प्रदान गर्न तथा घाइतेहरुको निःशुल्क उपचार गर्न जोडदार माग गर्दछौं ।

मिति : २०७८ असोज २५ गते

गणेश बि. के.
केन्द्रीय अध्यक्ष